



# पुनर्निर्माण

वर्ष ११, अंक २, कार्तिक-मंसिर २०६१

सल्लाहकार:
**डा. अर्जुन कार्की**

सम्पादन:
**प्रेमकला नेम्बाङ्ग**
**प्रकाश काफ्ले**

आवरण तथा लेआउट:
**ग्राफिक वर्कशप**
फोन नं. ४२४२०७२, बागबजार

प्रकाशक:

**नेपाल ग्रामीण पुनर्निर्माण संस्था**
पो.ब.नं. ८१३०
लाजिम्पाट, काठमाडौं, नेपाल
फोन नं. ४४१५४१८
फ्याक्स: ४४१८२९६
इमेल: rrn@rrn.org .np
वेब: www.rrn.org .np


## यस अंकमा


२ **बाढी पहिरो र नेपालको यथार्थ**
- भानु पराजुली

५ **रात्रि प्राथमिक विद्यालयको ऐतिहाँसिक पृष्ठभूमि**
- बसन्त लक्ष्मी उदास

७ **सहकारी संस्थाद्वारा गाउँको समस्या समाधानमा सहयोग**
- बसन्त लक्ष्मी उदास

९ **आफ्नो क्षेत्रको विकासको संवाहक हामी आफै हुन पाएका छौ**
- भगिरथ खत्वे

१० **ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तालिम र रोजगारीको अवसर**
- चन्द्र अधिकारी

१२ **गरीब मुक्त कमैया आमा बाबुका विद्याका धनी छोराहरू**
- गोविन्दराज मिश्र

१३ **स्थानीय वनस्पतिको प्रयोगबाट कीराहरुको नियन्त्रण**
- अनन्त घिमिरे

१६ **यसरी बढ्दैछ कञ्चनपुरमा आरआरएनको लोकप्रियता**
- गिरिषदेव भट्ट

१७ **खैरापुर १५ नं. गाउँ हिजोदेखि आजसम्म**
- गोविन्दराज मिश्र

१९ **मुक्त कमैया शिविरमा आयआर्जनको प्रमुख श्रोत तरकारी खेती**
- गिरिशदेव भट्ट

२० **आरआरएन गतिविधि**

# बाढी पहिरो र नेपालको यथार्थ

भानु पराजुली,
जिल्ला संयोजक, आरआरएन, कास्की





## विषय प्रवेश

नेपालको जनसंख्या वृद्धिदर वार्षिक २.६ प्रतिशत छ र हाल देशको जनसंख्या २ करोड भन्दा बढी छ। देशको खेतीयोग्य भूमि हिमाली क्षेत्रमा १,४८,३०० हेक्टर, पहाडी क्षेत्रमा ८,६२,९०० हेक्टर र तराईमा १४,४२,१०० हेक्टर रहेको छ । नेपालमा कूल खेतीयोग्य भूमि जम्मा २६,५३,३०० हेक्टर मात्र रहेकोछ ।

जलस्रोतको दृष्टिले नेपाल ब्राजिल पछिको दोस्रो र एशियामा पहिलो देश हो । यहाँ नदीनाला ६,००० भन्दाबढी रहेका छन् भने जलमण्डल २ खरब, २ अरब क्यू.मी. छ । त्यस्तै ८३,००० मे.वा. विद्युत उत्पादन हुने सम्भावना बोकेको नेपालका प्रमुख नदीहरु हिमाल, पहाडी र चुरेबाट निस्किन्छन् । पहिरो र बाढीको प्रकोपका लागि हिमाल भन्दा पहाड र चुरेका नदीनाला बढी खतरनाक मानिन्छन्। जल उत्पन्न प्रकोपले देशमा वर्षेनी धेरै धनजनको विनाश गर्नुका साथै विकास निर्माणका संरचनामा पनि बाधा पुऱ्याएको पाइन्छ । यसले घरबस्ती तथा बजारको क्षति मात्र होइन खेतीयोग्य भूमिमा पनि ह्रास ल्याएको छ। यहाँ वर्षेनी ६,००० अरब ३.मी माटो ह्रास भएको पाइन्छ । हिमाल, महाभारत र चुरेबाट निस्कने नदीहरु मध्ये खतरनाक महाभारत र चुरेबाट निस्कने नदीहरु खतरनाक हुन्छन् ।

## नेपालको भौगर्भिक विविधता र वास्तविक अवस्थाको चित्रण

नेपालमा उत्तर–दक्षिणीको केवल १६० कि मी दूरीबीचमा धरातलिय उचाइको फरक ८.८ कि मि भन्दा बढी छ । यी पर्वतहरू ठाडा ढालहरूबाट निर्माण भएका छन् । तीव्र भू-क्षयले गर्दा एकातिर यी पहाडको उचाई बढिरहेको छ भने अर्को तर्फ यसका ढालहरू ठाडो हुँदै गइरहेका छन् । भूतत्वको हिसाबले अतिनै कृयाशील ३ वटा छिद्र रेखाहरू उत्तरको हिमाली क्षेत्र बीचको पहाड र दक्षिणको चुरे पर्वतलाई छुटाउदै पूर्व पश्चिम फैलिएका छन् । बाढी पहिरोबाट बार्षिक रु.१७४.६ करोड रुपैया बराबरको सम्पत्ति एवं पूर्वाधारहरूको विनाश हुने गर्दछ । नेपालमा वार्षिक १,१२७ जना मानिस विभिन्न किसिमका प्राकृतिक प्रकोप जस्तो आगलागी, महामारी, भुइचालो, बाढिपहिरो, असिना, हुरि, चट्याङ, आदिले मर्ने गर्दछन भने बाढि पहिरोले मात्र बार्षिक ३३५ व्यक्तिको मृत्यु हुने गर्दछ जसमध्ये विगत पाँच वर्षको कास्कीको भागमा वार्षिक सरदर ७ देखि १० जना मानिस मर्ने हिसाब पर्न आउंछ । यसमा महिला बच्चा अशक्त व्यक्तिहरू अत्यधिक छन । विगत २५ वर्षमा कोशी नदीको धार करिब १२० किमी पश्चिम सरेको उदाहरण पनि छ । ६० भन्दा बढी पुराना बस्तीहरू पहिरोको कारण उजाड हुदै गइरहेका छन् । सन् १९९३ मा कुलेखानीको फेदी गाउँ, सन १९९५ मा सिन्धुपाल्चोकको लार्चा र सन १९९८ मा स्याङ्जाको पुतली बजार र बुटवलका केही बजारहरू नराम्रोसंग ध्वस्त भए । सन् १९९३ मा चितवन मकवानपुर, रौतहट, सिराहामा भएको धेरै क्षतिको कारण प्रत्यक्ष र अप्रत्यक्ष रुपमा बागमती व्यारेज र कुलेखानी विद्युत परियोजनासंग सम्बन्धित थियो । बाहिरको अनुभवको आधारमा पूर्वाधारको रुपाङ्कन गरिनु र भौतिक पूर्वाधारको आयात गर्दा वातावरणीय सुरक्षाका कार्यक्रमहरूलाई बेवास्ता गरिनु आदिपनि बाढी पहिरोबाट हुने नोक्सानीमा वृद्धि हुनुमा सहायक बनेका छन् ।

“ जलाधारको माथिल्लो भागबाट आउने बाढी पहिरोको सूचना तत्काल तल्लो भेगमा बसोबास गर्ने मानिसहरुमा समयमा पुऱ्याउन सके तल्लो भेगमा जनधनको क्षति सजिलै न्यूनिकरण गर्न सकिन्छ । ”

## बाढी पहिरो रोकथाम र न्यूनिकरणका उपायहरू

- भू-उपयोग र यसको व्यवस्थापनमा विशेष जोड दिनुपर्छ । स्थानीय जनसमुदायको सक्रियतामा भू-उपयोग र व्यवस्थापन योजना लागू गरिनुपर्छ ।
- भौतिक पूर्वाधारको रुपाङ्कन, निर्माण र स्याहार सम्भारका लागि संहिता लागू गरिनुपर्छ ।

बाढी पहिरो नियन्त्रण, रोकथाम र न्यूनिकरणका साथै प्रकोप आउनु पूर्व समुदायलाई सचेत गराउने खालको दैवीप्रकोप पूर्वतयारी कार्यक्रम लागू गरिनु पर्छ । जस्तो कुलेखानी र बर्दियाको गुलेरिया क्षेत्रमा आएको बाढी र पहिरोको अनुभवले के बुझाउंछ भने जलाधारको माथिल्लो भागबाट आउने बाढी पहिरोको सूचना तत्काल तल्लो भेगमा बसोबास गर्ने मानिसहरूमा समयमा पुऱ्याउन सके तल्लो भेगमा जनधनको क्षति सजिलै न्यूनिकरण गर्न सकिन्छ । यसका लागि सूचना प्रणाली अत्यावश्यक बनेको छ । अझ एउटै क्याचमेण्ट क्षेत्रको माथिल्लो र तल्लो समुदायमा समन्वय र नेटवर्क संस्थागत हुन जरुरी छ । जस्तो हर्पन, फुस्रे लगायतका खोलाहरूमा पहाडी भेगको पहिरोको कारण बाढी आउने गर्दछ । तसर्थ पहिरो उत्पन्न बाढी यस क्षेत्रका उदाहरणहरू हुन् । यस्तै बाढी उत्पन्न पहिरो जाने क्षेत्रहरू पनि हुने गर्दछन् । बाढीले खोलाको छेउ काट्दै र हान्दै जाँदा पहाडी भेगको माथिल्लो भागको आधार क्षेत्र कमजोर बनी जमिन बग्ने गरेका उदाहरण पनि पाइन्छन् ।

- जलाधारको उच्च पहाडी क्षेत्रको उचित संरक्षण हुनसके यस्ता घटना हुनसक्ने सम्भावना कमी ल्याउन सकिन्छ साथै वातावरणीय सेवा, मल, जल उपलब्ध हुन गइ माथिल्लो भागको उत्पादकत्वमा वृद्धि हुन जान्छ ।

- तर वातावरणिय संरक्षणमा लाग्ने खर्चको भार र त्यसबाट पर्ने प्रभावको भार केवल, पहाडको माथिल्लो भागमा बस्ने मानिसले मात्र बेहोर्नु पर्ने वर्तमान स्थितिको अन्त्य गरी वातावरणिय संरक्षण खर्च, फाईदा उच्च भाग र होचो भागमा बसोबास गर्ने सबैमा न्यायोचित ढंगले बाँडफाँड गर्ने पद्धतिको विकास टड्कारो बनेको छ ।

## वर्षायामको सुरुवातसंगै दैवी प्रकोपको त्रासदि

प्रकोप आउनु पहिले नै सतर्कता अपनाउनु बुद्धिमानी कार्य हो । नेपालमा दैवी प्रकोप पूर्वतयारी कार्यक्रमहरूको अभाव खड्केको विषय हो । सूचनाको अभाव, सम्भावित जोखिमपूर्ण क्षेत्रहरूको अपहिचान, जनतामा जनचेतनाको अभावका कारण वर्षेनी सयौं मानिसहरू दैवी प्रकोपको विपत्तिबाट हताहत भैरहेका छन् भने हजारौं परिवार विस्थापित र हजारौं हेक्टर खेतीयोग्य जमिनको नष्ट भइरहेको छ । नेपालमा १९ जिल्ला बाढी र पहिरोको चपेटामा वर्षेनी पर्ने गरेका छन् । त्यसैले कारीदास र युरोपिय कमिशनको सहायतामा आरआरएनले विशेष गरी पहिरो र बाढीको न्यूनिकरण गर्दै भू-क्षयको लागि सामुदायिक रुपमा प्रतिरोधात्मक र रक्षात्मक उपायहरू समुदाय मार्फत गराउने हिसाबले नेपालका १० जिल्लामा सामुदायिक दैवीप्रकोप पूर्वतयारी तथा प्रकोप न्यूनिकरण कार्यक्रम गर्दै आएको छ । परियोजनाको उद्देश्य बाढी र पहिरोबाट जोखिमपूर्ण बस्तीलाई बचाउन के कस्ता पूर्वतयारी गर्न सकिन्छ त्यसमा समुदाय परिचालन गर्दै जोखिमलाई न्यूनिकरण गर्ने नै हो । नेपालका कुनै जिल्ला यस्तो भेटिदैन जहाँ बाढी, पहिरो तथा भू–क्षयको चपेटामा परेका छैनन् । वर्षेनी दैवी प्रकोपबाट जनसमुदाय प्रभावित मात्र होइन सयौं व्यक्ति मर्ने र हजारौको संख्यामा घरपरिवार विस्थापित हुने गरेका छन् । विषेश गरी तराईमा बाढी, पहाड र हिमाली भेगमा पहिरो र भू–क्षयको संत्रासीबाट जनता भयभीत हुनुपर्ने अवस्था छ । अधिकांश तराई जिल्लाका विभिन्न खोला र नदीहरू तथा बाढी र भू-क्षयको खतराले स्थानीय वासिन्दा त्रसित हुने गरेका छन् । बाढी प्रभावित क्षेत्रका वासिन्दा पहिले नै पलायन हुन थालेका घटना भेटिन्छन् । चुरे पहाडबाट निस्किएका कयौं नदीहरूले अनियन्त्रित रुपमा प्राकृतिक सम्पदा बालुवा, गिट्टी र ढुंगा निकाल्ने कार्य वृद्धि हुँदै गएको छ । अवैध रुपमा जंगल फडानी र चोरी निकासी कार्यले थप प्रकोपको कारण बनेको छ ।

> **“ प्राकृतिक सम्पदाको नाशले वातावरणमा प्रतिकूल असर परि माटोको उर्वराशक्तिमा ह्रास आउनुको साथै माटोको गुणस्तरमा पनि गिरावट आएको पाइन्छ । ”**

बितेका वर्षहरूमा भन्दा यताका वर्षहरूमा वनको अतिक्रमण निक्कै ज्यादा वृद्धि भएको छ । प्राकृतिक सम्पदाको नाशले वातावरणमा प्रतिकूल असर परि माटोको उर्वराशक्तिमा ह्रास आउनुको साथै माटोको गुणस्तरमा पनि गिरावट आएको पाइन्छ । प्राकृतिक आपतबाट बच्न र सुरक्षित राख्न सरकारले प्राकृतिक सम्पदाको संरक्षणका साथै चोरी निकासी कार्य समयमै नियन्त्रण गर्नुपर्छ । जलाधारको उच्च पहाडी क्षेत्रको उचित संरक्षण हुनसके घटना हुनसक्ने सम्भावनामा कमी ल्याउन सकिन्छ । यसका लागि सामुदायिक दैवीप्रकोप पूर्वतयारी तथा प्रकोप न्यूनिकरण कार्यक्रमको अभाव खड्केको विषय फेरी दोहोऱ्याई रहन पर्दैन ।

(संदर्भ सामग्रीः जल उत्पन्न प्रकोप विभागको बुलेटिन, हाम्रो कल्पवृक्ष, पत्रपत्रिकाका सूचना सामग्रीहरू आदि)

# रात्रि प्राथमिक विद्यालयको ऐतिहाँसिक पृष्ठभूमि

**बसन्त लक्ष्मी उदास**

आरआरएन, दाङ्ग



**रात्रि प्रा.वि.को पहिलाको अवस्था**



**आरआरएनको सहयोगमा निर्माण गरिएपछि विद्यालयको अवस्था, दाङ**

रात्रि प्राथमिक विद्यालय, गोवर्डिया गाविस वार्ड नं-४ पचाहाको स्थापना २०३५ सालमा भएको थियो । मध्यपश्चिमाञ्चल दाङ्ग जिल्ला, राप्ति नदीको दक्षिण भेगमा पर्ने यस विद्यालय थारु कल्याणकारीणी संस्था दाङ्गको सकृयतामा सम्बन्धित निकायबाट स्वीकृत प्राप्त गरेको थियो । यहाँ गरिबीको रेखामुनी रहेका आदिबासी जनजाति थारुहरूको बाहुल्यता छ ।

यस विद्यालयमा विगतका दिनहरूमा विध्यार्थीहरूले धेरै समस्याहरूको सामना गर्नु परेको कुरा समुदायका महिला दिदी बहिनीहरू बताउंछन् । जस्तैः विद्यालयमा भवनको अभाव, समुदायबाट कच्ची भवन निर्माण गरेतापनि १,२ वर्षमा नै भत्किने, कहिले काहीं वर्षातमा छाना चुहिने भएर पठन पाठनमा बाधा हुने, कहिले हुरी बतासले भित्ता-छानानै उडाएर लैजाने आदि समस्याहरू थिए । अर्कोतिर खानेपानीको अभावको कारण छात्र-छात्राहरू टाढा जानु पर्ने, फर्निचरको अभावले गर्दा घरबाट बोरा, गुन्द्री लिएर आउनु पर्ने नल्याएकाहरूले भुईंमानै बस्नु पर्ने अवस्था थियो ।

यस रात्रि प्राथमिक विद्यालयमा पढ्न आउने छात्र-छात्राहरू गरिब असहाय र अरुको घरमा काम गर्नेहरू जस्तैः कमैयाको छोरा छोरीहरू, दिनभरी जमिन्दारको घरमा काम गर्ने ग्वाला, कम्लहर, भरिया, ज्यालामा काम गर्ने दिनमा विद्यालय जान असमर्थ आदि छन् । यस विद्यालय शिक्षातर्फ विमुख भएकाहरूलाई सजिलो होस् भन्ने उद्देश्यले स्थापनाकाल देखिनै गरिब विद्यार्थीहरूको सेवा र उनीहरूलाई शिक्षाको उज्यालो दिंदै आइरहेको पाइएको छ ।

समुदायको सहयोगबाट पटक पटक विद्यालयको पुनर्निर्माण त हुन्थ्यो । गरिब समुदायले श्रमदान दिन सकेपनि आर्थिक सहयोग गर्न भने असमर्थ थियो। यो क्रम २०५९ साल सम्म निरन्तर चलिनै रहेको थियो । जब समुदायका मानिसहरूले आरआरएन संस्थाले विद्यालयको लागि सहयोग गर्ने रहेछ भन्ने कुरा थाहा पाएपछि उनीहरूले संस्थामा निवेदन दिए । आरआरएनको सहयोगमा आज विद्यालयमा ५ वटा कोठा भएको पक्की भवन, खानेपानीको लागि रिङ्गवेल र ७५ सेट फर्निचर निर्माण गरिएको छ । फलस्वरुप यस विद्यालयमा विध्यार्थी संख्यामा अत्यधिक वृद्धि भईरहेको छ । २०५९ सालमा विध्यार्थी संख्या १२१ थिए भने हाल १ देखि ५ कक्षा सम्म गरी जम्मा ३१६ विद्यार्थीहरू छन् । जस मध्ये छात्र १६६ र छात्रा संख्या १५० छन् । यसरी विध्यार्थी संख्या वृद्धि हुनुमा आरआरएनको ठूलो भूमिका रहेको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री राम प्रसाद चौधरी भन्नुहुन्छ, "आरआरएन संस्थाले यस विद्यालयमा सहयोग गरेर यहाँका जन समुदायले उनीहरूको छोराछारीहरूको उज्वल भविष्यको सपना देख्न थाल्यो ।" त्यसैले उनीहरू आरआरएन संस्थालाई मुरीमुरी धन्यवाद दिँदै यसरी नै पिछडिएको समुदायमा गएर काम गर्ने कामना गर्छन् ।

---

## दैवी प्रकोप सम्बन्धी जनचेतना

**चन्द्रबीर चौधरी**
सदस्य, बबई दैवी प्रकोप समूह, सानोविक्री-९

जाग उठ दाजुभाई काँधमा काँध मिलाई ।
दैवी प्रकोपसम्बन्धी समाजमा जनचेतनाको शिक्षा फैलाई ॥

होस गर है दाजु भाई यो कुरा सबैलाई बताई ।
बच्चाले नपुग्ने ठाउंमा सलाई लाईटर राख्न लगाई ॥

यस्तो कुरा जानि राख नबिर्स है साथी ।
यस्तो कुरा बिर्स्यौ भने हुन्छ धेरै क्षति ॥

कुन ठाउँमा संकटाविमुख छ भनेर जानिराख ।
फोहर भए गाउँ घरहरूमा ,महामारी लाग्छ ॥

जाग उठ दाजु भाई गाउँ घर सफा राख ।
सफा भए गाउँ घरमा महामारी भाग्छ ॥

## पूर्व तयारी

**राजकुमार चौधरी**
सदस्य, भलुवानी भटुवा दैवी प्रकोप समूह
सूर्यपटुवा-५ छोट्की टडुवा, बर्दिया

हरियाली बढाउ हाम्रो गाउँघर तथा नदी वारी पारी
नियन्त्रण गर्छ यसले आगलागी, बाढी र महामारी

खतरा संकेत र विमुख क्षेत्रको गरौं अब पहिचान
सुरक्षित हुन्छ तब जोखिमको धन र जिउ ज्यान

नदी छेउमा गरौं वृक्षारोपण बाढी पहिरोलाई छेक्न
तटबन्धन गरौं हामी अब नदी कटानलाई रोक्न

जनचेतनाको विकास गरौं हामी बनौं होसियारी
दैवी प्रकोप सम्बन्धी गरौ अब समुदायले पूर्व
तयारी



# सहकारी संस्थाद्वारा गाउँको समस्या समाधानमा सहयोग

**बसन्त लक्ष्मी उदास**
जिल्ला संयोजक, आरआरएन, दाङ्ग

ग्रामीण समुदायका विपन्न वर्गहरू आर्थिक सामाजिक दृष्टिकोणले पिछडिएका छन् । यिनीहरू समाजबाट उपेक्षित हुनुका साथै, व्यापक गरिबी र पछौटेपनले ग्रस्त छन् । शैक्षिक रुपमा कमजोर तथा सरकारी/गैर सरकारी निकायबाट प्राप्त हुने विभिन्न किसिमका अवसरबाट पनि बंचित छन् । यी कुराहरूलाई विचार गरी साझा एवं मेहनती समुदायको आर्थिक सामाजिक विकासको लागि त्यस क्षेत्रका बासिन्दाहरूलाई सहकारीमा आवद्ध गराइ उनीहरूलाई थोरै भएपनि बचत गर्ने बानी बसाल्नको लागि नेपाल ग्रामीण पुनर्निर्माण संस्था आरआरएनको पहलमा २०५९ भदौमा रामपुर ६, सुर्केडांगीमा गुँरास बचत तथा ऋण सहकारी संस्था र विजौरी ५ र हेमन्तपुरमा सगरमाथा बचत तथा ऋण सहकारी संस्था गरी दुईवटा सहकारी संस्थाको स्थापना गरिएको छ । उक्त सहकारी स्थापना गर्नको लागि जिल्ला प्रतिनिधी श्री विकास चौधरीले प्रमुख भूमिका निर्वाह गर्नु भएको थियो । यसको मुख्य उद्देश्य पिछडिएका वर्गहरूलाई साना तिना उद्यमहरू संचालन गर्न सक्ने बनाउने तथा स्वरोजगारमुखी कार्यक्रम संचालन गरेर उनीहरूलाई आत्मनिभर बनाउने र उनीहरूको चेतनाको स्तरमा वृद्धि गराउने हो ।

सहकारी संस्था स्थापना भएपछि रामपुर- ६, सुर्केडांगीका चौधरी समुदायमा सकारात्मक परिवर्तन आएको पाईएको छ । नयाँ मानिससंग बोल्न डराउने महिलाहरू अहिले सहकारीमा बसेर गाउँ ठाउंको समस्या समाधानको बारेमा छलफल

गर्ने गर्दछन् । सरकारी गैरसरकारी संघ/संस्थाका मानिसहरूसंग निर्धक्कसंग आफ्ना समस्याहरू बताउंछन् । सहकारीमा लागेर बचत जम्मा गर्छन् । सहकारीले बचत गर्न सिकाएको कुरा त्यहाँका बासिन्दाहरू बताउंछन् ।

संस्थाका सदस्य श्री चन्द्रा चौधरी भन्नुहुन्छ, "सहकारीमा लागेर हामीले बचत गर्न सिकेका छौं । एक दुई रुपैया भएपनि बचत गर्नु पर्छ भन्ने धारणा हामीमा बसेको छ । संस्थाले हामीलाई अति आवस्यक परेको बेलामा कम व्याजदरमा ऋण उपलब्ध गराउने गरेको छ । हामीलाई आजभोली जमिन्दारहरूको घरमा हात थाप्न जानुपरेको छैन । सहकारीमा लागेपछि हामीले व्यवस्थित तरिकाले तरकारी खेती गर्न सिक्यौं । हाम्रो गाउँ दाङ जिल्लाकै सबैभन्दा बढी तरकारी उत्पादन हुने ठाउंको रुपमा चिनिएकोछ । अहिले सुर्केडांगीबाट वर्षेनी ८ देखि १० लाख रुपैयां बराबरको तरकारी वजारमा विक्री हुने गरेकोछ ।"

रामपुरमा तरकारी संकलन केन्द्र स्थापना गर्ने योजना बनाएको कुरा संस्थाका उपाध्यक्ष श्री लाल बहादुर चौधरी बताउनु हुन्छ, "तरकारी संकलन केन्द्र स्थापना भएपछि यहांका किसानहरूले आफ्नो तरकारीको उचित दाम पाएका छन् । उनीहरूको समयको बचत हुनुका साथै हामीले अन्य जिल्लाहरूमा पनि तरकारीको निर्यात गर्न सक्नेछौं ।"

गुराँस बचत तथा ऋण सहकारी संस्था लि. मा आवद्ध ४१ जना सदस्यहरूको बचत रकम जम्मा रु ७१,३२०/- रुपैया परिचालित भैरहेको छ । त्यसैगरी विजौरी गाविस वार्ड नं ५ मा पनि सहकारी स्थापना हुनुभन्दा पहिले दुःख विरामी परेको बेला जमिन्दारहरूसंग चर्को व्याजदरमा ऋण लिन बाध्य भएका किसानहरू अहिले सन्तुलित व्याजदरमा सहकारीबाट ऋण प्राप्त गरेपछि राहतको महसुस गरेका छन् । सहकारीबाट एक हजार रुपैया लिएर फलफूलको व्यवसायमा लागेकी



एक जना सहकारीका सदस्य भन्नुहुन्छ, "सहकारीले सहुलियत दरमा ऋण दियो र मैले फलफूल व्यापार गर्न थाले । यस व्यापारबाट दैनिक दुई सय देखि तिन सय सम्म फाईदा गर्ने गरेको छु ।" उनी तुलसीपुरबाट फलफूल ल्याएर विजौरीको पिपल चोकमा बसेर बेच्ने गर्छिन् । उनका श्रीमान गाउँ गाउँबाट कुखुरा संकलन गरेर तुलसीपुर बजारमा बेच्न लग्छन् । यो व्यवसाय अपनाउनु भन्दा पहिले अर्काको घरमा काम गरेर गुजरा चलाउने यी दम्पती अहिले आफ्नै व्यवसाय गरेर आत्मनिर्भर भएको महसुस गर्दछन् ।

त्यसैगरी संस्थाका सदस्य श्री फुलराम चौधरी सहकारी स्थापना भएपछि गाउँलेहरूको चेतनामा वृद्धिभएको महसुस गर्दै भन्नुहुन्छ, "सहकारीले हामीलाई विभिन्न तालिमहरू दिएर विकास गर्नु पर्छ भन्ने भावना जगाएको छ, हामी आत्मनिर्भर हुनथालेका छौ ।"

अहिले संस्थाकै पहलमा विजौरीमा तरकारी तथा विभिन्न किसिमका बोटबिरुवाको नर्सरी व्याड तयार भएको छ । परिश्रमको रुपमा तयार गरिएको सो नर्सरीलाई भविष्यमा व्यवसायको रुपमा अगाडि बढाउने कुरा सस्थाका सचिव श्री दुधवा चौधरी बताउनु हुन्छ । २८ जना सेयर सदस्य रहेको सो सहकारी संस्थामा हाल बचत रकम जम्मा ५०,६४४/- रुपैया परिचालन भईरहेको पाईएको छ ।



# आफ्नो क्षेत्रको विकासको संवाहक हामी आफै हुन पाएका छौ

**- भगिरथ खत्वे**

दलित एवं पिछडिका वर्गको समाजसेवी भन्न रुचाउनु हुने वाविया गाविस वडा नं. ६ निवासी ५० वर्षिय श्री भगिरथ खत्वे समाज सेवाबाट आत्मसन्तुष्ठी प्राप्त हुने बताउनु हुन्छ । आरआरएन, सुनसरी मार्फत बाटो ग्राभेल सहयोग परियोजनाको उपभोक्ता समितिका अध्यक्ष श्री भगिरथ खत्वेसंग आरआरएनका प्रतिनिधि श्री सचित लोचन झाले गरेको कुराकानीमा आधारित अन्तरवार्ता ।

**तपाईको पूरा परिचय र पेशा बताईदिनु हुन्छ कि ?**

म विपन्न वर्ग दलित एवं पिछडिएको जात भित्र पर्ने गाउँले भगिरथ खत्वे हुं । मेरो पेशा माटो काट्ने हो । समय निकालेर दलित समाजसेवा पनि गर्ने गर्दछु ।

**समाजसेवा तथा सामाजिक कार्यमा यहां कहिलेदेखि लाग्नु भयो ?**

लगभग ०५१ सालदेखि लागेको छु । छुवाछुत सम्बन्धी भएको सामाजिक घटनाले आफूलाई समेत पिरोले पछि यस विरुद्ध विभिन्न क्षेत्रबाट संघर्ष गर्दै वडाध्यक्ष समेत भएको हुं ।

**हालसम्म के कस्तो सामाजिक कार्यमा तपाईको संलग्नता छ ?**

खत्वे जातिलाई संगठित गरी खत्वेसेवा समिति गठन गरेर सेवा गर्दैछु । हाल उक्त समितिको जिल्ला उपसभापति रहेको छु । साथै अहिले खत्वे टोलमा आरआरएनको सहयोगमा संचालित खानेपानी योजनाहरू र बाटो ग्राभेल योजनाको जन परिचालनमा व्यस्त रहेको छु ।

**आरआरएनलाई कहिले देखि जान्नुहुन्छ । यस संस्था प्रति यहांको धारणा कस्तो छ ? र आरआरएनको सहयोगमा संचालन गरिएका कार्यक्रमहरूलाई तपाईले कसरी मूल्याङ्कन गर्नु भएको छ ?**

२०५९ साल तिर सुनसरी जिल्लामा डिप ट्युवेलको कार्यक्रम संचालन हुंदा ग्रामीण किसानहरूको साथीको रुपमा आरआरएनलाई चिनेको हुं । मैले आरआरएनलाई पिछडिएका बस्तीहरूमा पुगेर विश्वास र इमान्दारिताका साथ ग्रामीण क्षेत्रको समस्याहरूको सामाधानमा कार्यरत सहयोगी संस्थाको रुपमा पाएको छु । आरआरएनले आफैले योजना स्थलमा पुगी संभाव्यता अध्ययन, श्रमदान, जनश्रमदान गर्नेबारे उपभोक्ताहरूलाई उत्प्रेरणा जगाएर यो हाम्रो आफ्नै काम हो र हाम्रा लागि नै हो भन्ने भावनाको उजागर गरी कार्यक्रम संचालन गरेको छ । जुन आज भन्दा अगाडिका कार्यक्रममा थिएन ।

**यस अघि भएका विकास कार्यहरू र अहिले संचालन गरिएका विकास कार्यहरूमा के अन्तर पाउनु भयो त ?**

यस अघिको कार्यमा ठेकेदारहरूबाट काम गराइने भएकोले गाउँसम्म थोरै रकम आइपुग्थ्यो । कति रकम विनियोजन भएको थियो, कति खर्च भयो समुदायलाई पत्तो समेत हुने गरेको थिएन । आरआरएनले समुदाय भित्र बाटै उपभोक्ता समिति गठन गरी उपभोक्ताकै जिम्मेवारीमा योजना संचालन गरिने भएकोले कति रकम विनियोजन भयो कति खर्च भयो हामीले आफै हिसाब राख्ने भएकोले वास्तवमा आफ्नो क्षेत्रको विकासको संवाहक हामी आफै भएको अनुभव यस संस्थाले दिलाएको पाएको छु ।

**आरआरएनलाई के कस्ता सुझावहरू दिन चाहनु हुन्छ, कार्य संचालन गर्न केही परिवर्तन गर्नुपर्ने देख्नु हुन्छ की ?**

हाम्रो गाउँमा ठूलो बेरोजगारी समस्या भएकोले रोजगारमूलक अन्य क्रियाकलापहरू संचालन गर्न सकिए राम्रो हुन्थ्यो । चेतनाको विकास, सरसफाई सम्बन्धी कार्यक्रमहरू संगसंगै संचालन गर्दा राम्रो हुन्थ्यो जस्तो लागेको छ ।

**अन्त्यमा यस अर्न्तवार्ता मार्फत आरआरएनलाई के सुवेच्छा दिन चाहनु हुन्छ ?**

यस संस्थाले हाम्रो गाउँ जस्तै पिछडिएका ग्रामीण बस्तीहरूमा विकासका वास्तविक संवाहक समुदायनै हुन भन्ने भावना जागृत गराउन सकोस् भन्ने सुवेच्छा प्रकट गर्न चाहन्छु ।

# ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तालिम र रोजगारीको अवसर

**चन्द्र अधिकारी**
आरआरएन, सुनसरी

परम्परागत रुढीवादी तथा भौतिक असमानताले ग्रस्त नेपालका अधिकांश जिल्लाहरू मध्ये सुनसरी जिल्ला पनि एक हो । यस जिल्लाका ग्रामीण समुदायमा बसोबास गर्ने धेरै जनसंख्या, आर्थिक सामाजिक तथा भौतिक विकासका दृष्टिले अति पिछडिएको पाईन्छ । यही समस्यालाई मध्यनजर गरी ग्रामीण समुदायमा बसोबास गर्ने विभिन्न जात जाति र महिला तथा बालबालिकाको हितको लागि सामाजिक, भौतिक तथा आर्थिक स्तर वृद्धि गर्ने उद्देश्यले नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) अन्तर्गत ग्रामीण सामुदायिक पूर्वाधार विकास सहयोग कार्यक्रम यस जिल्लाका विभिन्न गाविस तथा इटहरी न.पा.का ग्रामीण बस्तीहरूमा संचालन गर्दै आईरहेको छ । उक्त परियोजनाद्वारा संचालित आयोजनाहरूबाट प्रत्यक्ष लाभान्वित हुने ग्रामीण जनसमुदायका शिक्षित बेरोजगार युवाहरूको छनौट गरि लामो तथा छोटो अवधिका विभिन्न व्यवसायिक तालिमहरू पनि संचालन भईरहेका छन् ।

यसै क्रममा ५० दिने ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तालिममा (ग्रा.प.स्वा.का.) सुनसरी जिल्लाका विभिन्न ग्रामीण क्षेत्रमा बसोबास गर्ने कृषि सेवामा समर्पित ९ जना युवा युवतीहरूलाई सहभागी गराइएको थियो । यो तालिम ३५ दिन आधारभूत पाठ्यक्रम र बांकी १५ दिन अभ्यास तालिम गरी जम्मा ५० दिनको थियो । तालिम पछि संस्थाको उद्देश्य र समुदायको माग अनुसार उनीहरू तालिममा हांसिल गरेको ज्ञान र सीपलाई स्थानीय साधन र श्रोतको समुचित उपयोग गरि जनसमुदायलाई सेवा उपलब्ध गराउन प्रयासरत रहेको पाईन्छ । यसै क्रममा तालिम प्राप्त

सदस्यहरूले आ-आफ्नो गाविस स्तरिय पशुसेवा केन्द्र संचालन गर्न तयारी गरि रहनु भएको छ । यस जिल्लाको खनार गाविसबाट उक्त तालिममा सहभागी हुने क्रमश सुश्री मञ्जु तब्दार र आयाराम चौधरीले भने ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताहरू सम्मिलित गाविस स्तरिय १ पशु विकास सेवा समिति, गाविस सचिवको प्रत्यक्ष निगरानीमा रहि सञ्चालन हुने गरि गठन गरिसकेका छन् । निजहरूकै प्रयत्नमा पशु सेवा केन्द्रको औपचारिक स्थापना हुने तयारीमा छ ।

यसै सन्दर्भमा मञ्जु तब्दारको विचार यसप्रकार छ -

"सर्वप्रथमत यस आरआरएन संस्थाद्वारा मलाई जुन बाटोमा लैजान पहल भयो त्यसको लागि म धेरैनै आभारी छु। यस संस्थाले मलाई जंहा पठायो त्यहां म रितो झोला बोकेर गएको थिए । जानु भन्दा अगाडि यति मात्र थाहा थियो की म पशु स्वास्थ्य सम्बन्धी ज्ञान लिन जांदैछु। तर त्यहां त मैले धेरै कुराहरू पढे, देखे र सिके यसरी ५० दिन सम्म मैले त्यहां धेरै कुरा सिकेता पनि मलाई अधुरो भएको जस्तो लाग्छ । किनकी पाठ्यक्रम अनुसारको तालिमको अवधि नै छोटो भए जस्तो लाग्छ । तापनि संस्था र अध्ययन गराउने प्रशिक्षकहरूको निरन्तर प्रयासको कारण रितो झोला भरि भएको महसुस गर्दै म तालिम केन्द्रबाट फर्किए । यही सिकेको ज्ञानको आधारमा म आफ्नो समुदायमा सेवा दिन सक्छु भन्ने पूर्ण विश्वास छ । म प्रति संस्थाले जुन लगानी गरेको छ त्यसलाई म त्यसै खेर जान दिने छैन । म संस्थाको तालिम प्रतिको उद्देश्यलाई अझ बढी दिगो र निरन्तरता दिन चाहन्छु । मेरो चाहना र इच्छालाई अगाडि बढाई दिन यस संस्थाले अझ बढी सहयोग गरेमा अवश्य पनि म सफलता हासिल गर्न सक्छु भन्ने मलाई आशा छ । जुन क्षेत्रमा संस्थाको प्रयासले मलाई लगाउनु भयो त्यो क्षेत्रलाई म अझ सुदृढ गर्न चाहान्छु साथै भोलिका दिनहरूमा पनि म लगायत मेरो समुदायलाई विभिन्न किसिमको सहयोग त्यस संस्था मार्फत निरन्तर रहि रहने कामना समेत गर्दछु।"

त्यतिमात्र हैन मञ्जुको लगनशीलता र प्रतिबद्धताको कदर गर्न उनलाई हाल गाविसले केही पारिश्रमिक दिई सेवा केन्द्रको कर्मचारीकै रुपमा राख्ने र सेवा केन्द्र पूर्ण रुपमा संचालन हुन सक्ने अवस्थामा पुगेपछि गाविसका वार्डहरूको क्षेत्रगत विभाजन गरि बहांहरूलाई समुचित रोजगारी प्राप्त हुने र गाविस स्तरिय सेवा समेत उपलब्ध हुने कुरा गाविस सचिव श्री मुरारी घिमिरे बताउनु हुन्छ ।

## आउ आरआरएन बर्दिया

**सियाराम थारु "श्याम"**
अध्यक्ष
कृष्णसार दैवी प्रकोप सामुदायिक समूह
गुलरिया नगर पालिका १० थपुवा बर्दिया

तिमी पानी बनी आउ आरआरएन बर्दिया
म नदी बनेर बगिदिन्छु

तिमी फूलबारी बनी आउ
म फूल बनि फुलिदिन्छु

तिमी कोईली बनि आउ
म बसन्तको हरियाली बनीआई दिन्छु

तिमी गीत कविता मुक्तक बनि आउ
म स्रोता बनी सुनी दिन्छु

तिमी साहित्य संसार बनि आउ
म साहित्यिक रचना पठाइदिन्छु

तिमी पक्षपातलाई हटाएर आउ

म न्यायको माला लगाई दिन्छु

तिमी बिहानीको लालीगुराँस बनि आउ

म पुष्पाञ्जलीले स्वागत गरिदिन्छु

# गरीब मुक्त कमैया आमा बाबुका विद्याका धनी छोराहरु

गोबिन्दराज मिश्र - आरआरएन, बर्दिया

बर्दिया जिल्लाको बगनाहा गाविस वार्ड नं. ३, मिर्चैया मुक्त कमैया शिविरको चार कुना जमिनमा खरको एक झुपडी बनाइ दिनको घांम र रातको शीतबाट ओत लाग्न मात्र पाएका गरिब मुक्त कमैया रुची लाल थारु र उनकी श्रीमती नेपाली थारुका तिन सन्तान छन् ।

यी बालकहरू गरिब कमैया परिवारमा जन्मिएको कारण स्कूल जाने उमेरमा अरुको घरमा कसले काम देलार एक पेट खान पाइएला भनी कामको खोजीमा हुन्थे । यसै क्रममा जेठो छोरा मोतीराम थारुलाई गाउँको छिमेकीको घरमा गोरु चराउंने (बर्दहवा) काममा लगाइएको थियो भने अरु दुई छोराहरू बाल कृष्ण चौधरी र राम कृष्ण चौधरीलाई गाउँका बाखा हेर्ने र दिन भर गुलेली लिएर चरा मार्ने भन्दा अरुकाम केही थिएन ।

यसै अवस्थामा नेपाल ग्रामीण पुनर्निमार्ण संस्था (आरआरएन) ले मुक्त कमैया परिवारको लागि शिक्षाको कार्यक्रम लिएर गाउँमा जाने क्रममा यी बालकहरूलाई बाल कृष्ण र राम कृष्णलाई कक्षा २ मा भर्ना गरियो भने मोतीलाई कक्षा ३ मा श्री हिमालय प्रावि बगनहा मिर्चैयामा भर्ना गरिएको थियो । उनीहरूले उक्त विद्यालयबाट सबै भन्दा धेरै अंक ल्याइ स्कूल प्रथम, द्वितीय र कक्षा प्रथम भए । पैसाका गरीब मानिसहरू पनि विद्याका धनी हुन सक्ने कुरालाइ प्रमाणित गरेर देखाइदिएका छन् ।

यस वर्षको अन्तिम परिक्षा सकिए पछि परिक्षा प्रकाशन हुने खबर सुनेर सबै जसो अभिभावकहरू आ-आफ्ना छोरा छोरीलाई साथमा लिएर विद्यायलको चौरमा भरिभराउ थिए । यसै अवस्थामा मेरो पनि उपस्थिति रहेको देखेर सबैले अचम्म मानेर हेरिरहेका थिए मलाई पनि यस विद्यालयमा आफ्नो संस्थाले बालबालिका भर्ना गरेको हुनाले उनीहरूले कस्तो गरेका होलान भन्ने उत्सुकताका साथ सुनिरहेको थिए । यसैक्रममा श्री हिमालय प्राविको सबै भन्दा धेरै अंक ५५१ ल्याइ प्रथम हुने छात्र बाल कृष्ण थारु, ५३० अंक ल्याइ विद्यालय भरीमानै दोश्रो हुने उनकै भाइ राम कृष्ण थारु र अर्का जेठा भाइ मोती राम थारु कक्षा ३ बाट प्रथम भएको कुरा सुनेपछि मेरो खुसीको सिमा नै रहेन ।

यसरी आफ्नो संस्थाले सहयोग गरी पढाएका बालबालिकाहरूको सिंगो परीवारनै विद्यालयमा सर्वोत्कृष्ट विद्यार्थी भएपछि मलाई यी विद्याका धनी बालकहरूका आमाबाबुसंग केही कुरा गर्न मनलाग्यो । यसै क्रममा यसरी पढ्ने छोराहरूलाई किन अगाडि स्कूल पठाउनु भएन भनेर सोधें । उनकी आमा नेपाली थारुले आंखा भरी आंसु पार्दै भनिन्: "हामी गरीब भयौ पेट पाल्नको लागि बगनाहा गाविस निवासी सूर्य सिंह बिष्टको घरमा कमैया बसेका थियौ । स्कूल भर्ना गर्ने पैसा त थिएन केले किताब कपी किनेर पठाउंने ।" यस्तै कुरा अगाडि बढाउंदै अब तपाइहरू यी छोराहरूलाई फेरी पढाउनु हुन्छ की हुन्न भन्ने प्रश्नमा उनले भनिन्: "आज म अत्यन्तै खुसी छु छोरा पढाउंदा यति खुसी हुन पाइन्छ भन्ने कुरा मलाइ थाहानै थिएन बल्ल यो कुरालाई थाहा पाउंने अवसर आरआरएनले दिएको छ । अबत बरु आधा पेट खान तयार छु मजदुरी गर्दै भए पनि पढाउंनेछु । मेरा छोराहरूको सफलताको श्रेय आरआरएनलाई दिन चाहान्छु ।"

अन्तमा मेरो भनाई के छ भने कुनै पनि मानिसले केहीकुरा जन्मदानै लिएर आएका हुदैनन् हरेक कुरा उसले पाउने वातावरण र अवसरमा भर पर्ने मात्र हो । यदि यी बालकहरू पनि गाउँमानै गोरु चराउंने (बर्दहवा) नै भैराखेको भए, आज स्कूलका सबै भन्दा राम्रा छात्रको रुपमा चिनिने थिएनन् । तसर्थ हरेक आर्थिक अवस्था विपन्न रहेका परिवारले आफ्नो मनलाइ फराकिलो पारी सबै छोराछोरीलाई स्कूल पठाइ विद्या आर्जन गर्न सक्ने वातावरण मिलाई

## स्थानीय वनस्पतिको प्रयोगबाट

# कीराहरूको नियन्त्रण


अनन्त घिमिरे
जीविकोपार्जन अधिकृत, आरआरएन, संखुवासभा


कृषकहरूले खेतीपाती लगाउंदा बाली संरक्षणको बारेमा बुझ्नु अति आवश्यक हुन्छ । हामीले बाहिरी देशबाट आयात गरिएका कीटनाशक तथा रोगनाशक विषादीहरू अन्धाधुन्ध रुपमा प्रयोग गरिरहेका हुन्छौं । यसबाट हामीले तत्कालको फाइदा मात्रै हेरी दायाँ बायाँको बेफाईदाहरूलाई विचारै गरेका हुंदैनौ । त्यसैले हामीले हाम्रै गाउँघरमा पाइने स्थानीय स्रोतको उपयोग गरेर पनि रासायनिक विषादीको काम लिन सक्छौं । जसबाट रोग र कीराको विषादी सहने शक्ति बढ्दै जाने डर नहुने, वातावरणमा पनि असर नपर्ने, मूल्य पनि कम पर्ने अन्य द्वितीय किसिमको महामारी फैलनबाट पनि बच्न सकिन्छ । प्राकृतिक भक्षकहरूलाई पर्ने असर कम हुने जस्ता फाइदाहरू पनि पाइन्छ । हाल प्रयोगमा आएका केही ग्रामीण विषादी र तिनको प्रयोग विधि निम्नानुसार छन् ।

## वनस्पतिजन्य

१. **खुर्सानीः** लाही कीरा नियन्त्रण गर्न १०० ग्राम खुर्सानीको धूलोमा १ लिटर पानी मिसाई रातभरी भिजाउने र भोलीपल्ट सो झोल तरकारी बालीमा छर्ने । सो झोलको १ भागमा छ भाग साबुन पानी मिसाई छर्दा अझ प्रभावकारी हुन्छ । अन्न भण्डारमा पनि खुर्सानी प्रयोग गर्न सकिन्छ ।

२. **बकाइनोः** बकाइनोको फलको धूलो ५-१० भागलाई अथवा फलको धूलोको सट्टामा १०-१२ भाग हरियो पातको धुलोलाई १०० भाग पानीमा मिसाई १२ घण्टा भिजाई सोको झोल छर्नाले धानमा लाग्ने फड्के कीरा, ढुंग्रे कीरा र बन्दाको लाही कीरा नियन्त्रण गर्न सकिन्छ ।

३. **बोझोः** बोझोको गानोको धूलो ५० ग्राम १ के.जी. अन्नमा मिसाई भण्डारण गर्दा घुन कीराबाट अन्नलाई बचाउन सकिन्छ । त्यस्तै बोझोको ५० ग्राम धूलोलाई १ लिटर साबुन पानीमा मिसाई छर्दा लाही तथा खपटे कीराको लार्भा नियन्त्रण गर्न सकिन्छ ।

४. **मेवाः** मेवाको ताजा पातको धूलो १ के.जी., १० लिटर पानी र २ चम्चा मट्टितेल मिसाई रातभर भिजाएको झोललाई भोली पल्ट बालीमा छर्दा लाही र फड्के कीरा नियन्त्रण गर्न सकिन्छ ।

५. **सुर्तीः** सुर्तीको पात तथा डाँठको धूलो १ के.जी., १५ लिटर पानी र १०० ग्राम साबुन मिसाई १ दिन सम्म भिजाउने र भोलिपल्ट सो झोल छर्दा लाही, थ्रिप्स, फेद काट्ने कीरा नियन्त्रण हुन्छ ।

६. **सिस्नुः** सिस्नुको १ के.जी. पात र डाँठलाई ८ लिटर पानीमा गर्मीको समयमा १२-१५ घण्टा र जाडोको समयमा १५-२० घण्टा भिजाई छर्नाले झुसिल्कीरा, लाही तथा लाभ्रेहरू नियन्त्रण गर्न सकिन्छ ।

७. **लसुनः** लसुनको पोटीको धूलो १०० ग्राममा आधा लिटर पानी र २ चम्चा मट्टितेल मिसाई

२४ घण्टा भिजाउने र २ लिटर साबुनको झोल मिसाई छर्नाले लाही, खपटे कीरा रातो कमिला आदि कीरा नियन्त्रण गर्न सकिन्छ ।

८. **तुलसी**: २०० ग्राम तुलसीको पातलाई पिसी १ लिटर पानीमा मिसाई छर्दा सुन्तला जातको बिरुवामा लाग्ने खन्ने कीरा नियन्त्रण गर्न सकिन्छ ।

९. **तितेपाती**: तितेपातीलाई छापोको रुपमा प्रयोग गर्दा माटोमा बस्ने फेद कटुवा, खुम्रे, रातो कमिला आदि पनि नियन्त्रण गर्न सकिन्छ । सुकेको पातलाई धूलो पारी अन्नमा राख्दा घुन कीरा नियन्त्रण गर्न सकिन्छ ।

१०. **चिउरी**: चिउरीको पिना २००-२५० के.जी. प्रति हेक्टर प्रयोग गर्दा माटोमा बस्ने रातो कमिला, खुम्रे, धमिरा नियन्त्रण गर्न सकिन्छ ।

११. **सयपत्री**: गोलभेंडाको फलमा लाग्ने गवारो कीराको रोगथाम गर्न गह्राको छेउ कुनामा १६ लाइन गोलभेंडा पछि १ लाइन पहेंलो रंगको सयपत्री लगाई मिश्रित खेती गर्दा मास, भण्टा तथा अन्य तरकारी बालीहरूमा लाग्ने जुकाको नियन्त्रण गर्न सकिन्छ ।

१२. **असुरो**: असुरोको पात तथा हाँगाहरूको प्रयोग गरी जमीनमा छापो हाल्नाले माटोमा बसी दुःख दिने खुम्रे तथा फेद काट्ने कीरा नियन्त्रण गर्न सकिन्छ ।

१३. **निम**: निमको पात १ के.जी. १० लिटर पानीमा १२ घण्टा सम्म भिजाएको झोल बालीमा छर्नाले तरकारीमा लाग्ने गवारो, फड्के कीरा ढुसी तथा पात बेरुवा कीराको नियन्त्रण गर्न सकिन्छ ।

१४. **खरानी**: खरानी र पानीको मिश्रण बनाई राख्ने र दोश्रो दिन केही भाग मोही मिसाई पुनः रातभरी राख्ने र त्यसमा ३ भाग पानी मिसाई छर्नाले काँक्रा-फर्सी र लौकामा लाग्ने चुस्ने खालको कीराहरू लाही, भुसिल्कीरा, गोलभेडाको उफ्रने फड्के कीरा र रष्ट नामक रोग पनि नियन्त्रण गर्न सकिन्छ । बिहानको शीतमा खरानीको धूलो छर्कनाले पनि धेरै हदसम्म कीरा नियन्त्रण गर्न सकिन्छ ।

१५. **साबुन**: एक भाग साबुनमा छ भाग पानी मिसाई उमाल्ने र साबुन पग्लेपछि थोरै झोल मट्टितेल मिसाएर सेतो झोल नभएसम्म त्यसलाई चलाउने । उक्त झोलमा पुनः २ भाग पानी मिसाई राम्रोसंग चलाउने र करेसाबारीमा छर्ने ।

१६. **बेसार**: बेसारको जरालाई मसिनोसंग धूलो पारी पिनेर थोरै गाईगोरुको गहुँत मिसाउने र पुनः त्यसमा २ भाग पानी मिसाएर छर्नाले तरकारीमा लाग्ने भुसिल्कीरा, लाभ्रेहरू, बोडीको लाभ्रे, धमिरा तथा धानको घुन पनि नियन्त्रण गर्न सकिन्छ । बेसारसंग मिश्रित खेती गरेर पनि तरकारी बालीलाई धेरै जसो कीराहरूबाट छुट्कारा दिलाउन सकिन्छ ।

१७. **चिउरीको पिना**: करिब १०-२० किलो ग्राम चिउरीको पिना प्रति रोपनी जग्गामा कमसेकम २० से. मी. माटोको गहिराइसम्म राम्ररी मिसाएर तरकारी रोप्नेले तरकारीमा लाग्ने प्रायः सबै प्रकारका भूमिगत कीराहरू जस्तैः खुम्रे, खोईरो, धमिरा, रातो कमिला आदिको रोकथाम गर्न सकिन्छ ।

१८. **गोलभेडा**: गोलभेडाको पात २०० ग्राम १ लिटर पानीमा पिसेर छर्दा काउली, बन्दा, ब्रोकाउलीमा लाग्ने भुसिल्कीरा नियन्त्रण हुन्छ ।

१९. **मसला**: मसलाको पात १० वटा प्रति के.जी. आलु वा सिमी भण्डारमा राख्दा आलुको जोतुवा र सिमीको घुन नियन्त्रण सकिन्छ ।

२०. **गोदावरी**: यो एउटा औद्योगिक स्तरको विषादी हो । यसको फूल ३ ग्राम प्रति लिटर तथा बोट भएमा १०० ग्राम प्रति लिटर पानीमा मिसाई प्रयोग गर्दा यसमा पाईने पाइरीग्रम र साईनेरीन नामक तत्व कारण सबै प्रकारको रोग तथा कीरा नियन्त्रण गर्न सहयोग पुऱ्याउंछ ।

२१. **पिना र खरानी**: मसिनो गरी पिनेको च्युरीको पिना १ भागमा २ भाग खरानी मिसाई १५ भाग पानीमा घोलेर व्याडमा सिंचाई गरेमा धमिरा र कमिलाको प्रकोप कम हुन्छ ।

## पशुजन्य:

१. **गाईको गहुँत**: गाईको गहुँमा छ भाग पानी मिसाई छर्कदा फर्सी परिवारको तरकारी बालीहरूमा लाग्ने ढुसी रोग, लाही कीरा, थ्रीप्स, पुतलीको लार्भा आदिको नियन्त्रण गर्न सकिन्छ । यस बाहेक भाइरस जन्य रोगहरूको पनि नियन्त्रण गर्न सकिन्छ ।

२. **गाईको गोबर**: २० ग्राम गाईको गोबर १ लिटर पानीमा मिसाई छर्दा धानमा लाग्ने व्याक्टेरीयल ब्लाइट रोग नियन्त्रण गर्न सकिन्छ । त्यस्तै २-३ हत्केला सुकेको गोबर १० लिटर पानीमा घोलेर १४ दिनसम्म प्रत्येक दिनको एक पल्ट चलाएर वा घोलेर राख्ने र त्यसपछि १ भागमा ३-५ भाग पानी मिसाई छर्नाले तरकारीमा लाग्ने थ्रिप्स, माइट, भुसिल्कीरा, लाही कीराको साथै टमाटर र खुर्सानीको मोज्याक रोग नियन्त्रण गर्न सकिन्छ । यो घोल बाली संरक्षणका साथै मलको रुपमा पनि प्रयोग गर्न सकिन्छ ।

# वृक्षारोपण

*लक्षिराम थारु,*
सदस्य
सिर्जनशील सामुदायिक दैवी प्रकोप समूह
सुर्यपटुवा ५, छोट्की टडुवा

हामी पनि सबै मिली वृक्षारोपण गरौ
वृक्षारोपण गर्नाले हामीलाई हुन्छ सुख
पहाडमा फुलेको छ लालिगुराँस फूल
नबुझेर रुख काट्नु थियो हाम्रो भुल

रुखहरू काट्दै जांदा जमिन उजाड भयो
माटो जति बग्दै जांदा ढुङ्गा मात्र रह्यो
पानी बग्दा माटोसंग मल पनि बग्यो
बालीनाली नहुंदामा भोकमरी पऱ्यो
बाढी पहिरो जानथाल्यो खेत सबै काट्दै
सुख छैन हामीलाईत रुखबिरुवा नरोप्दै
माटोहरू जोगाउनलाई रुखबिरुवा रोपौ
बाढी पहिरो रोक्नलाई पक्की बाँध बाँधौं

अज्ञानता लापरबाहीले वनमा आगो लाग्यो
त्यही कारण आगो लागी वनको विनाश भयो
अब हामी होसियार रहौ आगलागीबाट
जसले गर्दा जंगलको संरक्षण हुन्छ अब

वनजंगल जोगाउंदै रुखबिरुवा रोपौ
सामुदायिक वनजंगलको अब महत्व बुझौ
दाजुभाई दिदी बहिनी सबैमिली समूह बनौ
समूह बनाई वन संरक्षण गरौं

अज्ञनता र अन्धकारलाई जनचेतना दिनु पर्छ
सबैलाई शिक्षित बनाई तालिम दिनुपर्छ
हामीपनि सबैमिली वृक्षारोपण गरौं
वृक्षारोपण गर्नाले हामीलाई हुन्छ सुख

# यसरी बढ्दैछ कञ्चनपुरमा आरआरएनको लोकप्रियता

**गिरिषदेव भट्ट**

सामाजिक परिचालक, आरआरएन, कञ्चनपुर

ग्रामीण क्षेत्रको विकासबिना राष्ट्रको विकास केवल दिवा स्वप्न मात्र हुन पुग्दछ । ग्रामीण क्षेत्रको विकासका लागि सरकारी तथा गैरसरकारी निकायहरूबाट ठोस नीति अवलम्बन गरिएमा देशका पिछडिएका ग्रामीण क्षेत्रका जनताहरूले पनि विकासको अधिकारबाट वञ्चित हुनुपर्ने देखिदैन । तर दुर्भाग्य गाउँनै गाउँले भरिएको हाम्रो मुलुक नेपालमा ग्रामीण क्षेत्रको विकास एकदमै मन्द गतिमा रहेको देखिन्छ । चाहे पिछडिएका जिल्लाहरू रुकुम, रोल्पा, डोल्पा र बझाङका गाउँहरू हुन् वा तराइका जिल्लाहरू कैलाली, कञ्चनपुरका गाउँहरू नै किन नहुन् विकासको दृष्टिले हेर्दा शहरको तुलनामा समान रुपले पिछडिएका पाइन्छन् ।

यस्तै कञ्चनपुर जिल्लाका ग्रामीण क्षेत्रका बासिन्दाहरू पनि बाटो, विद्यालय, स्वाथ्य चौकी, सिंचाई तथा संचार (टेलिफोन) जस्ता आधारभूत सुविधाबाट वंञ्चित छन् । यस्तो समस्याहरूको समाधान बिना कञ्चनपुरको विकासले गति लिन प्राय असम्भव नै देखिन्छ । महेन्द्रनगरको बजार, नगरपालिकाका केही वार्डहरू तथा वरपरका केही गाविसहरू बाहेक प्राय सबै गाविसहरूमा एकै प्रकारको साझा समस्याहरू छन् । यसरी ग्रामीण क्षेत्रको विकासका पूर्वाधारहरूको अभावले गाउँहरू नगरपालिकाको तुलनामा हरेक हिसाबले पिछडिदैं गएको तथ्यलाई गहिरो अध्ययन गरि आरआरएनले अगष्ट २००३ देखि देशका १३ वटा जिल्लाका विभिन्न गाविसहरूमा "विकासमा जनताको सहभागिता" को नारा सहित ग्रामीण पूर्वाधार विकास सहयोग कार्यक्रम संचालन गरेको छ ।

कञ्चनपुर जिल्लामा पनि विभिन्न गाविसहरूमा स्थानीय जनताहरूको विकासमा पहुंच पुऱ्याउने उद्देश्यले उनीहरूलाई ग्रामीण क्षेत्रको बाटोघाटो निर्माण, विद्यालय भवन निर्माण, विद्यालय फर्निचर निर्माण, खानेपानी हयाण्डपम्प निर्माण, जस्ता विभिन्न भौतिक पूर्वाधार निर्माणका कार्यक्रममा सहभागी गराई एकातिर ग्रामीण क्षेत्रको जनतालाई विकासको अनुभूति गराउंदै छ । अर्कोतिर परिलक्षित रुपमा सामूहिक भावनाको विकास, महिला सशक्तिकरण तथा केही समयकै लागि भए पनि ग्रामीण क्षेत्रका जनतालाई सामान्य रोजगार प्रदान गर्दैछ । त्यस्तै ग्रामीण क्षेत्रका उत्पीडित जनताको उत्पादन गर्ने उद्देश्यले विभिन्न ठाउंमा सिंचाईको लागि पनि व्यवस्था गर्ने लक्ष्य राखेको छ भने रोजगारमूलक कामगर्नेहरूलाई व्यावसायिक तालिममा समेत सहभागी गराउंदै आइरहेको छ । व्यावसायिक तालिम अन्तर्गत तरकारी खेतीको तालिममा २६ जना मुक्त कमैयालाई तालिम तथा आवश्यक विउ विजन, मल खाँद समेत आरआरएनले प्रदान गरी सकेको छ भने हाउसवाइरिङको तालिमकालागि कमजोर आर्थिक अवस्था भएका ३ जना प्रशिक्षार्थीहरूलाई ३ महिने

तालिमको लागि चितवन जिल्ला पठाइसकेको छ । त्यस्तै गरि ७ जना पुरुष तथा २ महिलालाई रेडियो, टि.भी. मर्मत तालिमको लागि नेपालगञ्ज पठाइसकेको छ ।

विद्यालय भवन निर्माण अन्तर्गत आरआरएनले विभिन्न गाविसका ९ वटा विद्यालय भवनहरू निर्माण गरेको छ र विद्यालय मर्मत अन्तर्गत २ वटा विद्यालय समावेश गरिएका छन् । त्यस्तै फर्निचर निर्माणकालागि विभिन्न गाउँहरूका ११ वटा विद्यालयलाई आरआरएनले सहयोग पुऱ्याएको छ । अझ ग्रामीण क्षेत्रमा आवत जावत गर्न कठिनाई भइरहेका ३ वटा ठाउंहरूमा हयाण्डपाईप कल्भर्ट निर्माण गरेर स्थानीय जनताको समस्याहरू समाधान गरिएको छ । सडक निर्माण अन्तर्गत ग्रामीण क्षेत्रको उत्पादन एक ठाउंबाट अर्को ठाउंमा पुऱ्याउन तथा आवतजावतको सुविधा पुगोस भनेर कञ्चनपुरका विभिन्न ३ वटा ठाउंहरूमा कल, ३ कि.मी ग्रामीण कृषि सडकको लागि स्थानीय जनतासंग सम्झौता गरिसकेको छ । खानेपानीको अभावमा भएका समुदायहरूमा सामूहिक रुपमा हयाण्ड पम्पहरू १२ वटा प्रदान गरिएको छ भने २ वटा सिलिण्ड हयाण्डपम्पको सम्झौता हुन बांकी छ त्यस्तै कमैयाका विभिन्न शिविरहरूमा १६ वटा हयाण्डपम्प प्रदान गरिएको छ ।

# खैरापुर १५ नं. गाउँ हिजोदेखि आजसम्म

**गोविन्दराज मिश्र**- बर्दिया

श्री ५ को सरकारले २०१७ साल पछि तराई क्षेत्रमा केही नयां बस्ती बसाउने नीति ल्याउनु अगाडि बर्दिया जिल्लाको सदरमुकाम गुलरिया नगरपालिका वार्ड नं. १ भित्र पर्ने खैरापुर १५ नं. गाउं सुन्यनै थियो । यस नीति अनुसार स्व. श्री ५ बिरेन्द्र बिरबिक्रम शाहदेवबाट बर्दिया भ्रमण गरी २०४४ साल माघ २४ गते विशेष गरी जनजाति तथा पिछडिएका जातिहरू मध्येका ११० घर परिवारलाई जंगल फडानी गरी बस्ती बसाउन अनुमति बक्सिएको थियो । तर पनि केही समय आफू खुसी जमिन लिएर अव्यवस्थित रुपमा बसेको यस बस्तीलाई २०४८ सालको जननिर्वाचित सरकारले प्रतिपरिवार १५ कट्ठाको दरले जमिन दिने व्यवस्था मिलाई बस्तीको आकार बढाइ कूल १२० घर परिवारलाई लालपुर्जा सहित बसोबासको व्यवस्था मिलाएको थियो ।

यस समयमा आफ्नो भन्नु केही नभएका सुकुम्बासीहरूले केही मात्रामा भएपनि जमिन पाएकोमा थोरै भएपनि उत्साह बढ्नु स्वभाविकै थियो । तर यो बस्ती अन्य जमिन भन्दा केही उचाईमा रहेको कारण कुनै पनि खेतीको राम्रो उत्पादन हुन सकेन । सिमित मकै खेतीमा मात्र चित्त बुझाउंन बाध्य रहे १५ नं. गाउँबासीहरू यही मकैको आधा पेट आंटो खाएर नेपाल देखि भारतको कुना-कुना सम्म मजदुरी खोज्दै हिड्दाको दुःख आज पनि ताजा नै रहेको अनुभव स्थानीयबासीहरू सुनाउंछन् । यसै समयमा नेपाल ग्रामीण पुनर्निर्माण संस्थाले यस जिल्लामा गरिबीको चपेटामा परेका पीडित महिला तथा जनजातिहरूलाई प्रथामिकता दिदै आय आर्जनका सम्भावित उपाय सहित खाद्य संरक्षण परियोजना अन्तर्गत शिक्षा, स्वास्थ्य, कृषि, लघुऋण तथा चेतनामूलक कार्यक्रमहरू संचालन गरिरहेको थियो । त्यसपछि यस क्षेत्रका मानिसहरूको समस्यासंग परिचित हुन पुगी २०५३ सालमा सुकुम्बासी महिलाहरूको समूह बनाई आफ्नो कामको सुरुवात गरेको थियो । संस्थाको स्पष्ट नीति र कार्यक्रम प्रति समूहको विश्वासका कारण यहांका महिलाहरू धेरै सकृय हुन पुगे । फलस्वरुप स्थानीय निर्वाचनमा आफ्नै समूहकी

सदस्य सुशिला महतलाई नगर पालिकाको सदस्यमा जिताउन समेत सफल हुन पुगे ।

यस बस्तीका मानिसहरूलाई चेतनाको हिसाबले जति अगाडि बढाए पनि रोजगारीको राम्रो प्रबन्ध नमिलाए सम्म आमुल रुपले परिवर्तन गर्न सकिन्न भन्ने कुरालाई लामो समय देखि काम गर्दै आएका आरआरएनका कार्यकर्ताले राम्रोसंग बुझेका थिए । तर पनि पुस्तौ देखि कृषि मजदुरको रुपमा कार्यरत यी सुकुम्बासीहरूलाई आफ्नो थोरै जमिनमा धेरै उत्पादन लिन सकिने खालको कृषि प्रविधि सिकाउनु नै बढी उपलब्धिमूलक देखिन्थ्यो । यसकोलागि आधुनिक कृषि प्रविधि र पर्याप्त सिंचाईको व्यवस्था मिलाउनु बाहेक अरु विकल्प देखिएन । त्यसको लागि यसै समूहको सकृयतामा सातवटा सिंचाई बोरिङ गाड्ने काम सम्पन्न भएको थियो । जसले गर्दा आज मकै रोप्ने बारीमा धानका बाला झुल्न थालेको छ । पाहुना आउंदा चामल किन्न जाने मानिसहरू धान बेच्न मोल तोल गरीरहेका हुन्छन् । तुम्बामा चामल राख्ने घरहरूमा चामलको गोदाम राख्न थालिएको छ यतिमात्र कहां होर नुन खुर्सानीको चट्नीसंग आधा पेट आटो खान बाध्य बालबालिकाहरूले एक पेट भातसंग आवश्यकता अनुसारको तरकारी खान पाएका छन् । यस सिंचाई बोरिङ योजनाले खाने समस्याको मात्र समाधान गरेको होइन सिंगो १५ नं. गाउंका मानिसहरूको स्वास्थ्यको स्थितिलाई मजबुत बनाएको छ । खानाकै निम्ति जमिन्दारको घरमा बाल मजदुर बन्न बाध्य बालबालिकाहरू आज स्कूल जाने कुरामा प्रतिस्पर्धा गरीरहेको देख्न पाइन्छ ।

उक्त क्षेत्रको स्थितिलाई हिजो राम्रोसंग बुझेका जोकोहीले पनि आरआरएनले यस योजनाबाट पानी मात्र दिएन पानीसंगै पैसाको मूल फुटाइदियो भन्ने गरेको समेत सुन्न पाइन्छ । सिरु र बांसका टुसा पलाउन नसक्ने सुख्खा जमिनमा आज जताततै हरियाली छाएको पाइन्छ । व्यावसायिक रुपमा तरकारी खेती गर्नेहरूको संख्याको कमी छैन । आज भोली बेमौसमी तरकारी खेती धेरैले अपनाएका छन् । यसैको एक उदाहरण हुन् मान बहादुर चौधरी उनी १५ कठ्ठाको सानो आकार भएको जमिनमा बसोबास गर्दै आएका छन् । उनले संस्थाले दिएको सुविधालाई राम्रोसंग सदुपयोग गरी तरकारी खेतीबाट मात्र वार्षिक ४५ हजार सम्म बचत गर्ने गरेको आफ्नो अनुभव सुनाउंछन् । यस्तै सफल अर्का किसान किन्नु प्रसाद चौधरी आफूले सधैं काम गर्दा पनि २५ रुपैयां कमाउन नसकेको तर जब बोरिङ गाडेपछि वार्षिक २५ हजार सम्म बचत गर्ने गरेको मिठो अनुभव सुनाउंनु भएको थियो । सबैको नाम भन्न नसकिएला तर पनि बिर्सन नहुने अर्का सफल किसान हुन वृद्धि प्रसाद चौधरी उनको बारी सदा हरियो रहन्छ उनको तरकारी खेती देखेर खरीद गर्ने व्यापारीहरू उनको घरमा भिड लाग्छन् । यसरी घरमानै आएको पैसा उनले वार्षिक ४० हजार सम्म बचत गर्दछन् ।

यी यस क्षेत्रका केही उदाहरण मात्र हुन आज २१० घर परिवारको बसोबास रहेको यो गाउँमा खान नपुग्ने मानिसहरू भेट्न सकिदैन । यसरी गाउँलेहरूसंग कुरा गर्दा आफ्नो आम्दानीमा ९५ प्रतिशत सम्म बढेको अनुभव सुनाउंछन् । उक्त गाउंको परिर्वतनले जुन उपलब्धि हासिल गऱ्यो छोटो समयमा गरेको परिर्वतनलाई धेरै मानिसले विश्वास नगर्न पनि सक्छन् । तर पनि आँखा अगाडि देखिएको सत्यतालाई स्वीकार गर्नु पर्दछ । यस समयमा गाउँलेका चाहना र त्यस ठाउंको वास्तविकतालाई आरआरएनले राम्रोसंग बुझेर मात्र आफ्ना कार्यक्रमलाई अगाडि बढाएको थियो । त्यसैको परिणाम स्वरुप एउटा गाउँलेहरूको जीवनस्तर सुध्रिन गयो । यस्तै प्रकारका धेरै काम गर्दै आएको आरआरएन संस्थाले आगामी कार्यक्रम र अन्य ठाउंमा काम गर्दा पनि सफल कामलाई हेर्दै नयां योजना तर्फ अगाडि बढ्नु पर्दछ भन्ने मलाई लाग्दछ ।

# मुक्त कमैया शिविरमा आयआर्जनको प्रमुख श्रोत तरकारी खेती

**श्री गिरिशदेव भट्ट**
सामाजिक परिचालक, आरआरएन, कञ्चनपुर

कञ्चनपुर जिल्लाको दैजी गाविस वार्ड नं. १ आशापुर, नर्सरी शिविरमा बसोबास गरिरहेका १६ परिवार मुक्तकमैयाहरूको आयआर्जनको प्रमुख श्रोत व्यावसायिक तरकारी खेती बन्न पुगेको छ ।

विगत ३ वर्ष देखि कुनैपनि परिवारले तरकारीको अभाव र खरिद गरी खानुपर्ने बाध्यता छैन । उक्त शिविर नदीको किनारमा हुनाले त्यहाँको माटोमा तुलनात्मक रुपमा कम उब्जनी हुने कुरा उनीहरू बताउंछन् । यद्यपी आरआरएन, कञ्चनपुर र जिल्ला कृषि विकास कार्यालय, कञ्चनपुरले दिएको बेमौसमी तरकारी खेतीको तालिम तथा स्थानीय शिविरवासीहरूको मेहनतले विगतको यथार्थतालाई गलत तुल्याइ दिएको पाइन्छ । पहिला त्यस्तो व्यवसायिक प्रयोजनको उद्देश्य नहुँदा र तालिमको अभावले गर्दा जति मेहनत गरेपनि विउहरू सबै नउम्रने, उम्रेपनि सुकेर जाने, जरा कुहिने तथा कम उत्पादन हुने भएकोले नर्सरीबासीहरू तरकारी खेती भन्दा अन्नबाली नै लगाइरहन्थे ।

तर बेमौसमी तरकारी उत्पदनको तालिम लिएपछि र उन्नतखाले विउविजनहरू (तने बोडी, भण्टा, काक्रो, मूला, फर्सी, लौका इत्यादि) निशुल्क रुपमा प्रदान गरिएपछि मात्रै उनीहरूले व्यवस्थित र व्यवसायिक तवरले तरकारी खेतीको शुरुवात गरेका हुन । तालिम नलिएकाहरूले पनि तालिममा सहभागी भएकाहरूको सल्लाह र सहयोगमा तरकारी खेतीको उत्पादन गरेको कुरा शिविरका बासिन्दाहरू बताउँछन् ।

तालिममा प्रदान गरेका विउविजन लगाएर मात्रै रु. ९,००० को तरकारी स्थानीय बजार सिसैयामा विक्री गरी आफ्नो घरखर्च चलाएको कुरा जानकारी गराउँछन । तालिममा सहभागी भएका श्री बिक्रम चौधरी भन्नुहुन्छ, "२.५ कठ्ठामा मात्रै रु.९,००० को उत्पादन भयो जबकी पुरै ५ कठ्ठा जमिनमा अन्नबाली लगाउंदा वर्षभरिमा रु. ३,००० देखि रु. ४,००० भन्दा नाघ्दैन ।" त्यस्तै स्वीटी देवी चौधरी पनि भन्छिन्, "१ कठ्ठा जमिनमा लगाएको तरकारी आफूले खाएर पनि रु.४,००० सम्मको विक्री गर्न पाए ।"

शिविरमा विगतमा भारतीयहरू तरकारी बेच्न घरदैलो आउने गर्दथे तर यस वर्षभने कुनै पनि परिवारले तरकारी खरिद गर्नु नपरेको हुँदा उनीहरू उक्त शिविरबाट त्यतिकै फर्किए । तरकारी खेती गर्दाको समस्याहरूबारे सोध्दा उनीहरू भन्छन्, "औषधी छर्ने पम्प महँगो भाडा तिरेर ल्याउँदा केही असहज हुन्छ । हामी १६ परिवारबीच समूह बनाई एउटा औषधी छर्ने पम्प भएमा ज्यादै राहत पुग्ने थियो ।"

तरकारी खेतीलाई मुक्त कमैयाहरूको आयआर्जन र जीविकोपार्जनको भरपर्दो साधन बनाउनका लागि कञ्चनपुर जिल्लाका विभिन्न गाविसहरूका उनीहरू माझ गई विभिन्न कृषि समूहहरू गठन गरिनु पर्छ । ती समूहहरूलाई व्यावसायिक तरकारी खेतीको तालिमहरू दिइनुपर्छ । आर्थिक अवस्था कमजोर भएको हुँदा समूहको योगदानको आधारमा विभिन्न आवश्यक सामग्रीहरू जस्तैः औषधी छर्ने पम्प, उन्नत खाले विउविजनहरू, आवश्यक मलखाँद तथा समय समयमा प्राविधिक सहयोग पुऱ्याउन सकेमा निश्चित रुपमा कञ्चनपुर जिल्लाका मुक्त कमैयाहरूको आर्थिक अवस्थामा उल्लेखनीय सुधार हुँदै जानेछ ।

# cf/cf/Pg ultljlw

## sf:sL

### जुकेपाखा पहिरो न्यूनिकरणमा पीडित दलित समुदाय सक्रिय

पुम्दी –३ सिम्लेगैरा जुकेपाखाका दलित समुदायमा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) पोखराको आयोजनामा दैवीप्रकोप पूर्वतयारी, न्यूनिकरण र रोकथाम विषयक ५ दिने प्रशिक्षण कार्यक्रम सम्पन्न भयो । उक्त प्रशिक्षण पश्चात समुदायका मानिसहरूले प्रकोपको कारकका रुपमा रहेको जुकेपाखा पहिरोमा ३,००० बोट अम्रीसो, बाँस ४० थान र विभिन्न जातका ६०० बिरुवाहरू वृक्षारोपण गर्ने कार्य सम्पन्न गरेका छन् । आरआरएनका संयोजक श्री भानु पराजुलीले उद्घाटन गर्नुभएको उक्त वृक्षारोपणमा जुकेपाखा पहिरो संरक्षण दैवीप्रकोप पूर्वतयारी समितिका १५ जना महिलासहित २५ जनाको उपस्थिति थियो ।

## df/a

### सडक बालबालिका स्कूल जान थाले

अनौपचारिक कक्षा नौ महिनाको अध्ययन पछि मोरङ्ग जिल्लामा ४२७ जना सडक बालबालिकाहरू विद्यालय जान थालेका छन् । जोखिम सहन बाध्य ती सडक बालबालिकाहरूलाई नेपाल ग्रामीण पुनर्निर्माण संस्था क्षेत्रीय कार्यालय विराटनगरको पहलमा स्कूल भर्ना गरिएको हो । १० देखि १४ वर्ष उमेरका ती बालबालिकाहरू घरेलु नोकर, बालभरिया, खाते र गलैचामा काम गर्ने रहेका छन् । मोरङ्ग जिल्लाको विभिन्न गाविसहरूमा संचालन भएको नौ महिने किशोरी शिक्षा र बालश्रमिक बालसाक्षरता कक्षामा पढेर आ-आफ्नो नजीकैको पायक पर्ने विद्यालयमा कक्षा -१ देखि ७ कक्षा सम्म जम्मा ४२७ जना बालबालिका विद्यालय जान थालेका छन् । संस्थाले विगत दुई वर्ष देखि गरेको आधारभूत सर्वेक्षण तथ्याङ्कले हाल सम्म १९८६ जना यस्ता बालबालिकाहरू फेला परेको छ । जस मध्ये ४२७ जना विद्यालय भर्ना भएका छन् भने ३१५ जना साक्षर बनाई साधारण लेखपढ र आफ्नो व्यवहारमा परि आउने समस्यासंग जुध्न सक्ने भएका छन् । साथै ५०० जना बाल श्रमिकहरू हाल संचालन भैइरहेको बाल श्रमिक बाल साक्षरता नौ महिने कक्षामा अध्ययनरत छन् । ती बालबालिकाहरू समेत नौ महिने कक्षा सकिए पश्चात अधिकांश विद्यालय भर्ना गराउने संस्थाको लक्ष रहेको छ । तसर्थ यस्ता कार्यक्रमले संस्थाको चार पत्रे अवधारणा मध्ये शिक्षालाई सहयोग गर्ने समेत मार्गदर्शनको रुपमा लिएको छ ।

## ;g;/L

### ग्रामीण सामुदायिक पूर्वाधार विकास सहयोग कार्यक्रम, सुनसरी

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन), सुनसरीले यस जिल्लाका १२ गाविसहरू खनार, मधेली, एकम्वा, हांसापोसा, भरौल, मधेशा, बबिया, गौतमपुर, नरसिंह, पश्चिमकुशाहा, बिष्णुपादुका र इटहरी नगरपालिकाको ७ र ९ नं वडामा जन सहभागितात्मक तवरबाट जनसमुदायले नै पहिचान गरेका समस्याहरूको स्थानीय निकाय, नागरिक समाज र आरआरएनको संयुक्त पहलमा ग्रामीण सामुदायिक पूर्वाधार विकास सहयोग कार्यक्रम संचालन गर्दै आएको छ । यस कार्यक्रम अन्तर्गत निम्न पूर्वाधार सम्बन्धी योजनाहरू सम्पन्न गरी हस्तान्तरणको चरणमा पुगेका छन् । जस्तैः विद्यालय भवन निर्माण सम्बन्धी परियोजनाहरू, विद्यालय फर्निचर सहयोग सम्बन्धी

परियोजनाहरू, सामुदायिक भवन निर्माण सहयोग, समुदाय व्यवस्थित सिंचाई सहयोग, समुदाय व्यवस्थित खानेपानी सहयोग, बाटो कल्भर्ट निर्माण सहयोग, बाटो ग्राभेल सहयोग सम्बन्धी परियोजनाहरू र खानेपानी ट्युवेल सहयोग सम्बन्धी परियोजनाहरू ।

यी सबै परियोजनाहरूको विस्तृत संभाव्यता अध्ययन, योजना प्राथमिकिरण, समूहगत छलफल, उपभोक्ता समितिहरूको निर्माण, समुदाय स्तरबाटै अनुगमन तथा मूल्यांकनका आधारमा सहभागितात्मक तवरबाट समुदायकै अग्रसरता र पहलमा परियोजनाहरू संचालन गरिएका छन् । परियोजनामा समुदायको वयवस्थापन, निर्माण सामाग्रीहरूको भण्डार र प्रयोग, दक्षकर्मीको चयन तथा जनश्रमदान सम्बन्धी क्रियाकलापहरूको जिम्मा समुदायले नै लिएका छन् । हालसम्म यस सामुदायिक पूर्वाधार विकास सहयोग कार्यक्रमबाट विभिन्न बस्ती स्तरका पिछडिएका जनजातिहरू अतिविपन्न, भूमिहीन, विपन्न तथा संकटभित्र परेका ४,३१३ परिवारहरूका ४१,०११ जनसंख्या, जसमध्ये २०,६९५ महिलाहरू लाभान्वित भएका छन् साथै ती मध्ये जम्मा ६,५०० जना दलित समुदायका परेका छन् ।

## बांझो जग्गामा हरियाली ल्यायो सामुदायिक सिंचाईले

मुडे खोला सिंचाई योजना एउटा स्थानीय उपभोक्ता र आरआरएनको संयुक्त प्रयासको नमुना योजना बनेको छ । यस योजना अन्तर्गत जम्मा १०७ घर धुरी मध्ये विभिन्न तराई तथा पहाडी जात जातिका ६४ घर धुरीका जम्मा ३११ जना पुरुष र २८६ जना महिलाहरू लाभान्वित भएका छन् । अत्यन्तै गरिब ३९ घर परिवारका २४६ जनसंख्याले अन्य जग्गा धनीको भूमिमा खेती गरि आश्रित हुनु पर्ने अवस्थामा उक्त सामुदायिक सिंचाई कार्यक्रमले अब धानबाली लगाउन पनि



**मुडे खोला सिंचाई योजना, हाँसपोसा-८**

आकासे खेतीमा निर्भर बन्नुपर्ने अवस्था छैन ।

उक्त योजना संचालन गर्न स्थानीय समुदायले अत्यन्तै मेहनतका साथ नगद रु. ८०,००० संकलन गरि रु.२७,५५६ बराबरको जनश्रमदान जुटाएका थिए भने आरआरएनको तर्फबाट निर्माण सामाग्री, दक्ष मिस्त्री समेतको रकम गरि कूल रु. १,६०,००० अनुदान सहयोग र प्राविधिक सेवा समेत उपलब्ध गराईएको थियो । माघको कठ्याउने जाडो समेत प्रवाह नगरी स्थानीय उपभोक्ताले मुडेखोलामा बांधबाधी कुलो बिस्तार गर्ने कार्यमा देखाएको उत्सुकताले अन्य समुदायहरूलाई समेत सहभागितात्मक तवरबाट सबैको राय, सुझाव र सल्लाहको कदर गरि निर्माण गरिएका संरचनाहरू सस्तो, दरिलो र पारदर्शी हुने रहेछ भन्ने भावना जागृत गराएको पाईन्छ । यसरी निर्माण कार्य सम्पन्न गरि कूलो विस्तारको चरणमा पुग्दा नपुग्दै स्थानीय किसानहरू आ-आफ्नो जग्गामा व्याड तयार गरि चैत्र मसान्त भित्रमै बर्खे धान रोप्ने तयारीमा पुगिसकेका छन् । यसरी सिंचाई योजनाका माध्यमबाट बांझो जग्गामा हरियाली ल्याएर आय आर्जन गरि आउंदा दिनहरूमा केही हदसम्म भएतापनि गरिब घटाउने कार्यमा टेवा पुगेको मान्न सकिने अवस्था देखिन्छ ।

# प्रकोप व्यवस्थापन र आरआरएन

संसारमा बेलाबेलामा प्राकृतिक र मानवजन्य विनासकारी घटनाहरू भइरहन्छन् । यस्तो विनासकारी घटनाहरूलाई हामी प्रकोपको नामले चिन्दछौं । प्रकोपले वर्षौंसम्म पसिना र धन लगाएर बनाएको विकास निर्माणका संरचनाहरू छिनभरमा तहस नहस गर्नुका साथै सामान्य जनजीवनलाई असर पुऱ्याएको छ । यसो हुँदा विकास प्रक्रिया अगाडि नबढेर पछाडि धकेलिएको छ । यसबाट मानिसको अकालमैं मृत्यु भएको छ र घरवार बिहीन भएका छन् । साँच्चै नै भन्नु पर्दा प्रकोपका कारणले उत्पन्न गर्ने स्थिति डरलाग्दो नै हुन्छ, जस्तो हालैको सुनामीले पुऱ्याएको जन धनको क्षति ।

यस्ता घटनाहरूका उदाहरणहरू हाम्रो देशमा धेरै पाइन्छन् । दैवी प्रकोपबाट सयौं मानिसहरू मर्ने र हजारौंको संख्यामा घरपरिवार विस्थापित हुने गरेका छन् । जस्तो नेपालमा प्रकोपले निम्त्याएका ठूला घटनाहरूमा १९९० र २०४५ सालको भूकम्प, २०३० सालमा सिंहदरबार र २०६० सालको ताप्लेजुङ्ग जिल्लाको सदरमुकाममा भएका आगलागी र २०४४ सालमा दशरथ रङ्गशालामा भएको दुर्घटना हुन् । यस बाहेक नेपालमा अधिकांश जिल्लाका मानिसहरू बाढी, पहिरो र भू-क्षयको खतराले त्रसित हुने गरेका छन् ।

नेपालमा जंगल फडानी र चोरी निकासी कार्यले थप प्रकोपको कारण बनेको छ । बितेका वर्षहरूमा भन्दा यताका वर्षहरूमा वनको अतिक्रमण निक्कै ज्यादा वृद्धि भएको छ । प्राकृतिक सम्पदाको नाशले वातावरणमा प्रतिकूल असर परि माटोको उर्वराशक्तिमा ह्रास आउनुको साथै माटोको गुणस्तरमा पनि गिरावट आएको पाइन्छ । प्राकृतिक आपतबाट बच्न र सुरक्षित राख्न सरकारले प्राकृतिक सम्पदाको संरक्षणका साथै चोरी निकासी कार्य समयमै नियन्त्रण गर्नुपर्छ । अर्कोतिर सूचनाको अभाव, सम्भावित जोखिमपूर्ण क्षेत्रहरूको अपहिचान, जनतामा जनचेतनाको अभावका कारण पनि वर्षेनी सयौं मानिसहरू दैवी प्रकोपको विपत्तिबाट हताहत भैरहेका छन् ।

यसका लागि सामुदायिक दैवी प्रकोप पूर्वतयारी तथा प्रकोप न्यूनिकरण कार्यक्रमको आवश्यकतालाई ध्यान दिएर कारीतास र युरोपियन कमिशनको सहायतामा आरआरएनले नेपालका १० जिल्लामा सामुदायिक दैवीप्रकोप पूर्वतयारी तथा प्रकोप न्यूनिकरण कार्यक्रम गर्दै आएको छ । परियोजनाको उद्देश्य बाढी र पहिरोबाट जोखिमपूर्ण बस्तीलाई बचाउन के कस्ता पूर्वतयारी गर्न सकिन्छ त्यसमा समुदाय परिचालन गर्दै जोखिमलाई न्यूनिकरण गर्ने नै हो ।

यसै सिलसिलामा पुनर्निर्माणको यस अंकमा प्रकोप व्यवस्थापन र आरआरएन नामक सम्पादकीय सहित विभिन्न लेखहरू, कविताहरू र आरआरएन कार्यक्रमका गतिविधिहरूलाई पाठकहरू समक्ष पुऱ्याउने जमर्को गरिएको छ ।